सिम्रौनगढ नगरपालिकाद्वारा प्रकाशित

# सिम्रौनगढ राजपत्र

खण्ड १

संख्या : २

मिति : २०७६/०३/१५

भाग - १

सिम्रौनगढ नगरपालिका

बारा, प्रदेश नं. २, नेपाल

# आर्थिक ऐन, २०७६

**प्रस्तावना :** सिम्रौनगढ नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), धारा २२८ को उपधारा (२), संविधानको अनुसूचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ र १०२ बमोजिम मिति २०७६।०३।१५ मा तेश्रो नगर सभाबाट स्वीकृत गरी यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"आर्थिक ऐन २०७६"** रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि सिम्रौनगढ नगरपालिका क्षेत्रमा लागू हुने छ। चालु आ.व. २०७६/७७ को लागिहाल सम्म भएका खर्चहरु तथा राजश्व संकलन यसै ऐन बमोजिम भएको मानिने छ।

**२.सम्पत्ति कर :**

(१) नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिने छ।

(२) सम्पत्ति कर उपदफा (१) बाहेक वा अन्य जग्गा भएमा दफा (३)

(३)उपदफा (१) बमोजिमको एकीकृत सम्पत्ति कर असुल उपर गर्नु अघि नगरपालिका क्षेत्र भित्रका जग्गाहरु र घर भवन लगाउत भौतिक

संरचनाहरुको वर्गीकरण गरी मूल्याङ्कन गर्ने तथा संरचनाहरुको ह्रासकट्टी दर नगरपालिकाको कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

३.**भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

४.**घर वहाल कर :**नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, गाडी/मोटरसाइकल ग्योरज,ट्याङ्की, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल करलगाइने र असूल गरिने छ।

५.**व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिमव्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

६. **बहाल बिटौरी शुल्क :**नगरपालिका क्षेत्रभित्र आफुले निमार्ण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (५) मा उल्लेख भए अनुसारहाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ।

७. **पार्किङ्ग शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूचि (६) बमोजिम पार्किङ्गशुल्क लगाइने र असुल उपर गरिने छ।

८. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल रप्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुकोव्यवसायिक कारोवार गरेवापत अनुसूचि (७) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ।

९.**सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निमार्ण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार रउपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ।

१०. **सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिने छ।

११. **विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (१०) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

१२. **नक्सा पास शुल्क :**नयाँ घर निर्माण तथा नक्सा दस्तुर वा पुरानो घरको

अभिलेखीकरण दस्तुर अनुसूचि-११ बमोजिम लिइनेछ।

१३. **पर्यटन शुल्क :** नगरपालिकाक्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक, भाषिक मन्दिर, पोखरी, सँग्रहालय आदिमा प्रवेश गर्ने वा गराएरपर्यटकहरुबाट प्रदेश सरकारले तोकेको दर तथा दायरामा वा अधिकार प्रत्यायोजनबाट कर लिन र उठाउन सकिने छ । शुल्कको दर प्रदेश सरकारको दर वा समन्वयमा अनुसूचि-१२ बमोजिम पर्यटन शुल्क लिइनेछ।

१४. **फोहोरमैला व्यवस्थापन सेवा शुल्क :** नगरपालिकाले नगर सफा गरे वापत फोहोरमैला व्यवस्थापन कार्ड बनाई अनुसूचि-१३ बमोजिम शुल्क लिई सेवा दिनेछ।

१५. **पोखरीबाट माछा विक्री कर :** नगरपालकाको स्वामित्व वा सार्वजनिक संघ, संस्थागत समन्वय गरी (गुठी/विद्यालय) सार्वजनिक पोखरीमा माछा उत्पादन गर्न दिई, विक्री गर्दा नगरपालिकाको राजस्व परामर्श समिति/राजस्व सुधार कार्ययोजनाबाट निर्धारण गरी नगरपालिका बोर्ड, नगर सभाबाट निर्णय गरी सार्वजनिक खरिद ऐन अनुसार प्रतिस्पर्धाको आधारमा बढीमा ५ वर्षका लागिमाछाको विक्री कर लिने वा असुल उपर गरिनेछ। बाँकी बक्यौता रकम उठाउन विविधि प्रक्रियाको माध्यमबाट (छुट दिने, जरिवानालगाउने वा प्रहरी/प्रशासनको सहयोग लिई) सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ । अगाडि नै वार्षिक रकम बुझाएमा बढीमा १०% सम्म छुट दिन सकिनेछ।

१६. **वातावरण संरक्षण शुल्क :** नगरपालिकाक्षेत्र भित्र रहेका क्रसर वा बालुवा उद्योग, ईट्टा उद्योगहरुलाई अनुसूचि-१४ बमोजिम वातावरण संरक्षण वा प्रदुषण नियन्त्रण शुल्क लिईनेछ। जुन व्यवसाय दर्ता वा प्रतिघन मिटर वा प्रति ईट्टामा दर अनुसूचि-१४ बमोजिम लगाईनछ।

१७. **कर छुट/कर मिन्हा/थप जरिवाना :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई भरसक छुट दिइने छैन वा कर मिन्हा गरिने छैन। समयमा कर तिर्नु पर्ने दायित्व भएका व्यक्ति/संस्थालाई जरिवाना गर्ने वा प्रहरी/प्रशासकको सहयोगमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१८. **राजस्व (कर/गैर कर राजस्व तथा शुल्क) संकलन सम्बन्धि कार्यविधि :** यस नगरपालिकामा राजस्व संकलनलाई प्राथमिकता,कार्ययोजना अनुसार संकलन/असुल गर्न छुट्टै कार्यविधि बनाई लागू गर्न नगरकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्नेनिर्णय गरिएको छ।

# अनुसूचि - १
## दफा २ सँग सम्बन्धित
## एकीकृत सम्पत्ति करको दर

| क्र.सं. | मूल्याङ्कन रकम | | | | एकीकृत सम्पत्ति कर (वार्षिक) |
|---|---|---|---|---|---|
| १ | १ | देखि | ५ लाख | सम्म | ५०।०० |
| २ | ५ लाख १ | देखि | १० लाख | सम्म | १००।०० |
| ३ | १० लाख १ | देखि | १५ लाख | सम्म | १५०।०० |
| ४ | १५ लाख १ | देखि | २० लाख | सम्म | २००।०० |
| ५ | २० लाख १ | देखि | २५ लाख | सम्म | ३००।०० |
| ६ | २५ लाख १ | देखि | ३० लाख | सम्म | ५००।०० |
| ७ | ३० लाख १ | देखि | ४० लाख | सम्म | १,०००।०० |
| ८ | ४० लाख १ | देखि | ५० लाख | सम्म | १,५००।०० |
| ९ | ५० लाख १ | देखि | ७० लाख | सम्म | २,५००।०० |
| १० | ७० लाख १ | देखि | १ करोड | सम्म | ५,५००।०० |
| ११ | १ करोड १ | देखि | ५ करोड | सम्म | प्रति हजार १.५ रुपैयां |
| १२ | ५ करोड भन्दा माथि | | | | प्रति हजार २ रुपैयां |

**भौतिक संरचनाको वर्गीकरण :**

| क्र.सं. | घरको बनावट | दर रु.(प्रति वर्ग फिट) |
|---|---|---|
| १ | ईटाबाट निर्माण भई टायल, एल्वेस्टर छाना भएको घर | १००।०० |
| २ | सिमेन्ट प्लाष्टर गरी छाना ढलान(आर.सि.सि. वा आ.वि.सी.) गरिएको | ३००।०० |
| ३ | स्टील फ्रेम स्ट्रक्चर, आर.सि.सि. फ्रेम स्ट्रक्चरमा लिफ्ट एस्कलेटर जडान भएको | ४००।०० |

**नोटः** (क) जिल्ला स्तरीय मालपोतको न्यूनतम मुल्य निर्धारण समितिले तोकेको दररेट अनुसार जग्गाको न्युनतम मुल्य कायम हुनेछ।

(ख) काँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएकोतथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन । मिल वा कारखानाको मेसिन तथा कच्चा पदार्थ राखिने घर, मजदुरआवास र सेडहरु तथा होटलको ग्राहक बस्ने खाने घर जग्गा, सवारी साधन पार्किङ्ग स्थान र बगैचाको मूल्याङ्कन गर्दा उल्लेखित दरमा २५ प्रतिशत छुट दिइनेछ।

(ग) जग्गाको हकमा नगरपालिकाले न्यूनतम कायम गरिएको जग्गाको मूल्याङ्कन तथा गत वर्ष सोहि करदाताले स्वःघोषणा गरेको दर भन्दा न्यून नहुने गरी कुनै व्यक्ति वा संघ/संस्थाले आफ्नो अचल सम्पत्तिको मूल्याङ्कन स्वःघोषणा गरी कायमगर्न सक्नेछ तर यसरी स्वःघोषणा गर्दा न्यूनतम मूल्याङ्कनको पाँच गुणा भन्दा बढी स्वःघोषणा गर्न सकिने छैन।

(घ) सम्पत्ति कर सम्बन्धि वर्गीकरण, दर तथा दायराहरु कार्यपालिका बोर्डले निर्णय गरेको मिति देखि लागू हुनेछ।

## अनुसूचि-२

दफा ३ सँग सम्बन्धित

# मालपोत तथा भूमिकर

**सिम्रौनगढ नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिमको सम्पत्ति कर लागेको घर तथा जग्गा बाहेकको बाँकी जग्गाहरुमा अनुसूचि (२) बमोजिम भूमिकर( मालपोत) लगाईने र असुल उपर गरिनेछ।**

| क्र.सं. | मालपोत दस्तुर (प्रति धुरमा हुनेछ) | दर |
|---|---|---|
| १ | हुलाकी राजमार्गसँग जोडिएको जग्गाको मालपोत | ३।०० |
| २ | गण्डक नहरको बाटोसँग जोडिएको जग्गाको मालपोत | ३।०० |
| ३ | सिम्रौनगढ तामागढी सडकसँग जोडिएको | ३।०० |
| ४ | रानिवास बजार क्षेत्र तथा सिम्रौनगढ बजार क्षेत्रभित्र पर्ने जग्गा | २।०० |
| ५ | ग्रामिण क्षेत्र भित्रका आवासीय जग्गा | १।०० |
| ६ | ग्रामिण क्षेत्र भित्रका खेती योग्य जग्गा | ०।५० (पचास पैसा) |

## अनुसूचि-३

दफा ४ सँग सम्बन्धित

# घर वहाल कर

सिम्रौनगढ नगरपालिका भित्रका संघ संस्था, भवन, घर, पसल, गाडी तथा मोटरसाइकल ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले बहाल दिएकोमा बहाल अंकको ५ प्रतिशत घर धनीबाट बहाल कर संङ्कलन गरिनेछ।

**बहाल कर निर्धारण प्रक्रिया :**

(१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ।

## अनुसूचि-४

दफा ५ सँग सम्बन्धित

# २०७६/०७७ को लागि व्यवसाय कर, दस्तुर

| क्र.सं. | व्यवसायको प्रकृति | दर रु. (वार्षिक) |
|---|---|---|
| | **व्यापारिक वस्तु तथा क्रिताहरु** | |
| १ | चुरोट डिलर | ३,०००।०० |
| २ | मदिरा तथा पेय पदार्थको डिलर | १०,०००।०० |
| ३ | खुद्रा मदिरा तथा पेय पदार्थको पसल | २,०००।०० |
| ४ | कोल्ड स्टोर | १०,०००।०० |
| ५ | ज्वेलरी, जवाहरात, सुन चाँदी विक्री गर्ने | ४,०००।०० |
| ६ | ज्वेलरी, जवाहरात, सुन चाँदी तथा जलप लगाएको सामान खुद्रा विक्री गर्ने | २,०००।०० |
| ७ | क्यासेट थोक पसल | १००।०० |
| ८ | क्यासेट रेकर्डर खुद्रा पसल सि.डी./डि.भी.डि. बिक्रेता | १००।०० |
| ९ | टेन्ट पसल साउण्ड सिस्टम/डिजे भाडामा दिने | २,०००।०० |
| १० | मोबाइल तथा मोबाइलको पाटपुर्जा(एसेसरिज) बिक्री गर्ने | १,५००।०० |
| ११ | घडी बिक्री तथा मर्मत पसल | १००।०० |
| १२ | पुस्तक पसल, स्टेशनरी | ५००।०० |
| १३ | पत्रपत्रिका मात्र | १००।०० |
| १४ | पान पसल | २००।०० |
| १५ | रंगरोगन, किलाकाटी, सनमाइका, प्लाइउड, सेनेटरी सामान, छड, सिमेन्टका साथै फलोरिंग फर्निसिँग र अन्य निर्माण सामग्री थोक तथा खुद्रा विक्रेता(हार्डवेयर) | ५,०००।०० |


CamScanner

| | | |
|---|---|---|
| १६ | सिमेन्ट, रड, रंगरोगन मध्ये कुनै एकको मात्र थोक तथा खुद्रा कारोबार गर्ने | ३,०००।०० |
| १७ | ढुंगा, बालुंवा, गिटी आदि निर्माण सामग्री बिक्री गर्ने | १,५००।०० |
| १८ | कम्प्युटर र सोका पार्ट्स बिक्री गर्ने पसल | १,५००।०० |
| १९ | काठको फर्निचर तथा फर्निसिंग बिक्री | १,५००।०० |
| २० | स्टिल फर्निचर बिक्री | १,५००।०० |
| २१ | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | ५००।०० |
| २२ | कम्प्युटर, फ्रिज, फोटोकपी, वासिंग मेशीन इत्यादि इलेक्ट्रोनिक्स सामानको थोक तथा खुद्रा विक्रेता | १,०००।०० |
| २३ | कलर ल्याव वा जस्तै प्रकृतिका प्रिन्टिङ्ग व्यवसाय | १,५००।०० |
| | **पेट्रोलियम पदार्थको थोक तथा खुद्र व्यापार गर्ने** | |
| १ | एक मात्र नोजल भएको | २,०००।०० |
| २ | दुई वा सो भन्दा बढी नोजल भएको | ३,५००।०० |
| ३ | ग्याँसको डिलर | ५००।०० |
| ४ | ड्रममा पेट्रोलियम पदार्थ विक्रेताबाट तेल बेच्नेलाई | ५००।०० |
| ५ | मट्टीतेल मात्र विक्री गर्नेलाई | २००।०० |
| ६ | डिपार्टमेन्टल स्टोर तथा मिनि मार्ट | २,५००।०० |
| ७ | कपडाको थोक तथा खुद्रा विक्रेता | १,५००।०० |
| ८ | चस्मा विक्रेता | १००।०० |
| ९ | बिजुली सामान पसल | १,०००।०० |
| १० | बस, ट्रक विक्रेता डिलर | १०,०००।०० |
| ११ | ट्रयाक्टर विक्रेता डिलर | ५,०००।०० |
| १२ | जिप, भ्यान, कार विक्रेता डिलर | ३,०००।०० |
| १३ | मोटरसाइकल, स्कुटर विक्रेता, पेट्रोलबाट चल्ने अटोरिक्सा विक्रेता | २,०००।०० |
| १४ | ई. रिक्सा विक्रेता | १,०००।०० |
| १५ | रिक्सा, साइकल तथा फिटिगं गरी बेच्ने पसल | ५००।०० |
| १६ | साइकल तथा सोका पार्ट्स विक्री गर्ने | ३००।०० |
| १७ | मोटरसाइकल मर्मत तथा सोको पार्ट्स विक्री गर्ने | ५००।०० |
| १८ | औषधी पसल | १,०००।०० |
| १९ | भेटेनरी औषधी पसल | ७००।०० |
| २० | खाद्य पदार्थ पसल, किराना पसल | ५००।०० |
| २१ | तरकारी पसल | १००।०० |
| २२ | फलफुल पसल | २००।०० |
| २३ | डेरी पसल | २००।०० |
| २४ | भाडा कुडा पसल | ५००।०० |
| २५ | जेनरल स्टोर, गिफ्ट सप तथा खेलौना पसल | ५००।०० |
| २६ | कस्मेटिक पसल | ५००।०० |
| २७ | जुत्ता पसल | ३००।०० |
| | **विशेषज्ञ परामर्श सेवा तथा अन्य सेवा प्रदायक व्यवसाय** | |

| | | |
|---|---|---|
| १ | चिकित्सक | ५,०००।०० |
| २ | कविराज, वैद्य | १,०००।०० |
| ३ | इन्जिनियर | ५,०००।०० |
| ४ | कानून व्यवसायी | १,०००।०० |
| ५ | लेखा परीक्षक | १,०००।०० |
| ६ | सिकर्मी, डकर्मी | ४००।०० |
| ७ | अनुसन्धानकर्ता र परामर्श दाता | ८००।०० |
| ८ | कम्प्युटर एनालिष्ट र प्रोग्रामर | ७००।०० |
| ९ | विमा एजेन्ट | १,०००।०० |
| १० | अनुवादक | ५००।०० |
| ११ | पशु चिकित्सक | ४००।०० |
| १२ | सेयर दलाल | २,५००।०० |
| १३ | घर नक्साको डिजाईन गर्ने कन्सल्टेन्सीलाई | ५,०००।०० |
| १४ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएकाको क श्रेणीका निर्माण व्यवसायीलाई | ८,०००।०० |
| १५ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएकाको ख श्रेणीका निर्माण व्यवसायीलाई | ५,०००।०० |
| १६ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएकाको ग श्रेणीका निर्माण व्यवसायीलाई | ४,०००।०० |
| १७ | नगरपालिकामा प्रधान कार्यालय ठेगाना भएकाको घ श्रेणीका निर्माण व्यवसायीलाई | ३,५००।०० |
| १८ | निजी बैंक(केन्द्रिय) | ८,०००।०० |
| १९ | निजी बैंक(शाखा) | ६,०००।०० |
| २० | विकास बैंक(केन्द्रिय) | ५,०००।०० |
| २१ | विकास बैंक(शाखा) | ४,०००।०० |
| २२ | वित्तीय संस्था(केन्द्रिय) | ५,०००।०० |
| २३ | वित्तीय संस्था(शाखा) | ३,०००।०० |
| २४ | कृषि सहकारी बाहेकका अन्य सहकारी तथा लघुवित्त(केन्द्रिय) | ३,०००।०० |
| २५ | कृषि सहकारी बाहेकका अन्य सहकारी तथा लघुवित्त(शाखा) | २,०००।०० |
| २६ | कृषि सहकारी(केन्द्रिय) | ८००।०० |
| २७ | कृषि सहकारी(शाखा) | ५००।०० |
| २८ | वीमा कम्पनी | ५,०००।०० |
| २९ | विदेशी मुद्रा सटही | २,०००।०० |
| | **उत्पादनमूलक उद्योग** | |
| १ | चिउरा उद्योग मिल | २,०००।०० |
| २ | ईटा टायल भट्टा एक चिमनी भएका | ४,५००।०० |
| ३ | ईटा टायल भट्टा दुई वा सोभन्दा बढी चिमनी भएका | ८,०००।०० |
| ४ | भुसी भट्टा | २,०००।०० |

| | | |
|---|---|---|
| ५ | सिमेन्टका ब्लक बनाउने २० ब्यालेटका रिंगलाई | १,५००।०० |
| ६ | सिमेन्टका रेलिगं बनाउने | १,५००।०० |
| ७ | कपडा विक्रीका साथै तयारी पोशाक उत्पादन गर्नेलाई | १,८००।०० |
| ८ | चर्पीको रिङ्ग बनाउनेलाई | ५००।०० |
| ९ | प्लाष्टिकका सामान उत्पादन गर्नेलाई | ५००।०० |
| १० | कंक्रिट ह्युमपाइप ठूला उद्योगमा | ५,०००।०० |
| ११ | कंक्रिट ह्युमपाइप साना उद्योगमा | २,५००।०० |
| १२ | गलैचा उद्योग | ५००।०० |
| १३ | चप्पल उद्योग | १,०००।०० |
| १४ | डिस्टलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्नेलाई | ५,०००।०० |
| १५ | मिनिलर बाटर उत्पादन | २,०००।०० |
| १६ | स्टील मेटलबाट कुलर, दराज, बाकसका साथै आधुनिक फर्निचर उत्पादन गर्ने उद्योग | ३,०००।०० |
| १७ | स्टील बाकस, ड्रमका साथै भाडा बर्तन बनाउने | ५००।०० |
| १८ | ग्रील, सटर, ट्रस, ट्रयाक्टरका ट्रली बनाउने ठूलालाई/प्रा.लि. भएकोलाई | २,५००।०० |
| १९ | ग्रील, सटर, ट्रस, ट्रयाक्टरका ट्रली बनाउने व्यवसायलाई | १,५००।०० |
| २० | स्टील मेटलबाट मेशिनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने इन्जिनियरिंग वर्कसपलाई | ३,०००।०० |
| २१ | ग्रील, सटर, ट्रस बनाउने सानालाई | १,०००।०० |
| | **उर्जामूलक उद्योग** | |
| १ | गोवर ग्याँस उद्योग | १,०००।०० |
| २ | सोलार पावर | १,५००।०० |
| | **कृषिजन्य तथा वनजन्य तथा खनिज उद्योग** | |
| १ | काठ चिरान सम्वन्धि काम गर्ने स:मिल | १,०००।०० |
| २ | प्लाईउड सम्बन्धि काम गर्ने स:मिल | २,०००।०० |
| ३ | सिसा, प्लाईउड विक्रेता | ५००।०० |
| | **धान कुट्ने, गँहु पिस्ने, तेल पेल्ने उद्योग(मिल) हरुमा** | |
| १ | ५ हर्स पावरभन्दा कमको | ५००।०० |
| २ | ५ हर्स पावरदेखि २० हर्स पावरसम्म | १,०००।०० |
| ३ | २१ हर्स पावरदेखि ३० हर्स पावरसम्म | १,५००।०० |
| ४ | ३१ हर्स देखि ५० हर्स पावरसम्म | २,०००।०० |
| ५ | ५१ हर्स पावर देखि माथि | २,५००।०० |
| ६ | मैदा, सूजी पिठो(गिड) मिलमा | ४,०००।०० |
| ७ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १,०००।०० |
| | **पर्यटक, आवास, होटेल रेष्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सीआदि उद्योग व्यवसाय** | |
| १ | होटल थ्री स्टार वा सो सरह | १०,०००।०० |
| २ | होटल लज टु स्टार वा सो सरह | ५,५००।०० |

| | | |
|---|---|---|
| ३ | होटल लज वन स्टार वा सो सरह | २,०००।०० |
| ४ | होटल १ बेड देखि २० बेडसम्म | २,०००।०० |
| ५ | होटल २१ बेड देखि ३० बेडसम्म | ४,०००।०० |
| ६ | होटल ३१ बेड देखि ५० बेडसम्म | ८,०००।०० |
| ७ | होटल ५१ बेडभन्दा माथि | १०,०००।०० |
| ८ | रेष्टुरेण्ट, चमेना गृह मदिरा रहित | ५००।०० |
| ९ | आधुनिक सुविधायुक्त रेष्टुरेण्ट एण्ड बार/डान्सबार/दाहोरीलाई | १०,०००।०० |
| १० | स्वीमिङ्ग पुलको लागि वार्षिक रु. | २,०००।०० |
| ११ | साधारण होटल भोजनालय तथा मिठाई नास्ता पसल | १,०००।०० |
| १२ | साधारण चिया नास्ता पसल | ३००।०० |
| १३ | राष्ट्रिय ट्राभल्स एजेन्सी | १,०००।०० |
| १४ | अन्तराष्ट्रिय ट्राभल्स एजेन्सी | १,५००।०० |
| | **छपाई तथा प्रकाशन** | |
| १ | एक मात्र टेडल मेशिन राखि छपाईका काम गर्नेलाई | ५००।०० |
| २ | एक देखि दुई टेडल मेशिन राखि छपाईको काम गर्नेलाई | १,०००।०० |
| ३ | अफसेट प्रेस भएकालाई | १,५००।०० |
| ४ | स्क्रिन प्रिन्टर्स | ५००।०० |
| | **अन्य व्यवसाय तथा सेवाहरु** | |
| १ | फोटो स्टुडियो तथा फोटोग्राफी सेवा | ५००।०० |
| २ | निजी क्षेत्रका आधारभूत तहका विद्यालय | १,५००।०० |
| ३ | निजी क्षेत्रका माध्यमिक तहका विद्यालय | २,०००।०० |
| ४ | निजी क्षेत्रका क्याम्पस (विश्वविद्यालय तहको शिक्षा प्रदायक) | ३,०००।०० |
| ५ | सव.ओ.सी., अमिन टेक्निकल तोलिम केन्द्र | १,८००।०० |
| ६ | अ.न.मी.सि.एम.ए. तालिम केन्द्र | २,०००।०० |
| ७ | सिलाई कटाई तालिम/व्यूटिसियन | ५००।०० |
| ८ | टि.भी. रेडियो, कम्प्युटर मर्मत तालिम केन्द्र | ३००।०० |
| ९ | आयुर्वेद तथा औषधी बारेमा तालिम केन्द्र, हेल्थ सेन्टर | १,०००।०० |
| १० | राष्ट्रिय गैर सरकारी संघ संस्थालाई | ५००।०० |
| ११ | अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, आई.एन.जि.आ.लाई | ४,०००।०० |
| १२ | ड्राइभिङ्ग प्रशिक्षण केन्द्र | १,०००।०० |
| १३ | ट्युसन सेन्टर | १,०००।०० |
| १४ | हेभि इक्वीपमेन्ट बस, ट्रक मर्मत कारखाना | १,५००।०० |
| १५ | बस ट्रकका बडी बनाउने | २,०००।०० |
| १६ | सवारी साधन डेन्टिङ्ग पेन्टिङ्ग गर्ने | १,०००।०० |
| १७ | गाडीको टायर मर्मत तथा हावा भर्ने | ३००।०० |
| १८ | वेल्डिङ्गका गर्नेलाई | २००।०० |
| १९ | कुर्सी, सोफासेट, पम्पसेट, सिलाई मेखिन, ट्रान्सफर्मर मर्मत गर्ने | ३००।०० |
| २० | विज्ञापन सेवा(सबै प्रकारका) | ५,०००।०० |
| २१ | वैदेशिक रोजगार सेवा | १,५००।०० |

| | | |
|---|---|---|
| २२ | स्वदेशी रोजगार सेवा | ८००।०० |
| २३ | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | ४,०००।०० |
| २४ | सूचिकार, कपडा सिलाई गर्ने (१ मेसिन रांखेर) | १००।०० |
| २५ | सूचिकार, कपडा सिलाई गर्ने (२ वटा देखि ५ वटा मेसिन राखेर) | २००।०० |
| २६ | सूचिकार, कपडा सिलाई गर्ने (५ वटा भन्दा बढि मेसिन राखेर) | ५००।०० |
| २७ | पशु वधशाला | ५००।०० |
| २८ | मासु पसल | ३००।०० |
| २९ | केबुल नेटवर्किङ्ग/च्यानल सञ्चालन | ५,०००।०० |
| ३० | टेलिफोन सेवा प्रदायक कम्पनीलाई | १०,०००।०० |
| ३१ | इन्टरनेट सेवा प्रदायक कम्पनीलाई | ५,०००।०० |
| ३२ | कस्मेटिक पसल | ५००।०० |
| ३३ | सैलुन पसल (१ सिट राखेको) | १००।०० |
| ३४ | सैलुन पसल (२ सिट देखि ४ सिट राखेको) | ३००।०० |
| ३५ | सैलुन पसल (४ सिट भन्दा बढि राखेको) | ५००।०० |
| ३६ | पाउरोटी, बिस्कुट, केकका साथै अन्य उत्पादन उद्योगमा | १,०००।०० |
| ३७ | टफी, चकलेट आईसक्रिम आधुनिक मसिनद्वारा उत्पादन गर्ने उद्योग | १,०००।०० |
| ३८ | विभिन्न नमकिन/चाउमिन उत्पादन गर्ने उद्योग | ५००।०० |
| ३९ | विभिन्न किसिमका मसला उद्योग | ५००।०० |
| ४० | मैनवत्ति उद्योग | ४००।०० |
| ४१ | अगरवत्ति उद्योग | ३००।०० |
| ४२ | वरफ उद्योग | १,०००।०० |
| ४३ | होजियारी सुइटर बुनाई पसल | ५००।०० |
| ४४ | साबुन र पाउडर (सर्फ) उद्योग | ५००।०० |
| ४५ | चक, डस्टर उत्पादन गर्ने उद्योग | २००।०० |
| ४६ | चिनी मिठा उत्पादन गर्ने उद्योग | ३,०००।०० |
| ४७ | पानपराग, गुटखा उत्पादन गर्ने उद्योग | ७,०००।०० |
| ४८ | ब्याग बनाउने तथा मर्मत गर्नेलाई | ३००।०० |
| ४९ | विस्कुट, चाउचाउका थोक विक्रेता | १,०००।०० |
| ५० | नर्सिङ्ग होम | ६,०००।०० |
| ५१ | निजी अस्पताल तथा क्लिनिक | २,५००।०० |
| ५२ | ल्याब, एक्स रे, अल्ट्रासाउन्ड, पोली क्लिनिक | १,५००।०० |
| ५३ | ओषधी थोक पसल | १,५००।०० |
| ५४ | फोटो फ्रेम गर्ने पसल | २००।०० |
| ५५ | आईरन धोबी पसल व्यवसाय | ४००।०० |
| ५६ | १००० भन्दा माथि कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | १,०००।०० |
| ५७ | १००० भन्दा कम कुखुरा पालन गर्ने पोल्ट्री फार्मलाई | ५००।०० |
| ५८ | याचरी (चल्ला उत्पादन गर्ने) लाई | २,०००।०० |

| | | |
|---|---|---|
| ५९ | पशु पन्छीको आहार उत्पादन गर्नेलाई | १,२००।०० |
| ६० | फूल र विरुवा नर्सरीको विक्रेता | ८००।०० |
| ६१ | व्यवसायिक व्यायामशालालाई | ३००।०० |
| ६२ | घरपालुवा जन्तु पालन व्यवसाय (दर्ता गरेर सञ्चालन भएकालाई मात्र) | ५००।०० |

**नोट:** **क)** माथि उल्लेख नगरिएको कारोबार वा व्यवसायको हकमा नगर राजश्व परामर्श समितिको सिफारिस भई आएमा कर निर्धारण गरी नगर कार्यपालिकाको निर्णयानुसार कर अशुल गरिनेछ।

**ख)** कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय थप गरेमा थप गरेका व्यवसाय माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा नगरपालिकाको बोर्ड बैठकबाट निर्णय गरी थप रकम निर्धारण गरिने छ।

## सभा हल/मानव संसाधन विकास केन्द्र (HRDC) प्रयोग भाडादर (प्रति दिन)

| क्र. सं. | विवरण | हलभाडा (रु.) | ओभर हेड प्रोजेक्टर (रु.) | पानस (रु.) | साउण्ड सिस्टम (रु.) | सेवक खर्च (रु.) | थप कुर्सी (प्रतिगोटा) (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सिम्रौनगढ न.पा. क्षेत्रभित्रका राजनीतिक, सामाजिक, धार्मिक संघसंस्थाहरु आदि | | | | | | | |

## अनुसूचि-५

दफा ६ सँग सम्बन्धित

# बहाल विटौरी कर

१. नगरपालिकाले आफूले निर्माण रेखदेख वा सञ्चालन गरेको हाट बजार सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा पसल राख्न मासिक प्रति वर्ग फिट रु.५/- देखि रु.५०/- सम्म।

२. अस्थायी हाटबजार : (प्रति दिन)

| | |
|---|---|
| (क) प्रति टोकरी पसल | रु.५/- |
| (ख) साग सब्जी र फलफूल पसल (सानो) | रु.१०/- |
| (ग) साग सब्जी र फलफूल पसल (ठूलो) | रु.२०/- |
| (घ) पकौडा, समोसा, जेरी, पानीपुरी आदि जस्ता पसल (सानो) | रु.१०/- |
| (ङ) पकौडा, समोसा, जेरी, पानीपुरी आदि जस्ता पसल (ठूलो) | रु.१५/- |
| (च) माछा, मासु पसल | रु.२०/- |
| (छ) अन्य पसल (सानो) | रु.१५/- |
| (ज) अन्य पसल (ठूलो) | रु.२०/- |

**(झ) चौपाया :**

| | |
|---|---|
| (क) लैनो गाई प्रतिगोटा | रु.७५/- |
| (ख) लैनो भैंसी प्रतिगोटा | रु.१००/- |
| (ग) राँगा प्रतिगोटा | रु.१५०/- |
| (घ) थारो गाई, गोरु प्रतिगोटा | रु.१००/- |
| (ङ) ठूलो खसी प्रतिगोटा | रु.२०/- |
| (च) वोका, बाखा प्रतिगोटा | रु.१५/- |
| (छ) सुँगुर प्रतिगोटा | रु.३०/- |
| (ज) सुँगुर पाठा प्रतिगोटा | रु.२०/- |

## अनुसूचि-६

दफा ७ सँग सम्बन्धित

# पार्किङ्ग शुल्क

**सिम्रौनगढ नगरपालिका बजार क्षेत्रको सडकमा पार्किङ्ग गरी राख्ने सवारी साधनको हकमा**

विदेशी नम्बर प्लेटका सवारी साधन प्रति सवारी रु.१००/-

बस, मिनिबस, ट्रक, ट्याक्टर, लहरी प्रति सवारी रु.३५/-

जीप, कार, भ्यान, माइक्रो प्रति सवारी रु.२०/-



CamScanner

मोटरसाइकल प्रति सवारी रु.१०/-

साइकल प्रति सवारी रु.५/-

टांगा प्रति सवारी रु.२०/-

उल्लेख भए भन्दा बढी लिन नपाउने गरी नगरपालिका आफैंले वा ठेक्का वन्दोवस्त, डांक वढावढ प्रक्रिया अपनाउन सक्ने छ।

**अनुसूचि-७**

दफा ६ सँग सम्बन्धित

# जडिवुटी, कवाडी र जीवजन्तु कर

१. जडिबुटी, पन्छीको प्वाँख, हाड, सिँग, खुर र छालाको संकलन तथा विक्री वितरण गर्ने व्यवसायसँग बार्षिक रु.५,०००/- कर संकलन गरिनेछ।

२. कवाडी संकलन तथा विक्री वितरण गर्ने व्यवसायीसँग बार्षिक रु.४,०००/- कर संकलन गरिनेछ।

**अनुसूचि-८**

दफा ७ सँग सम्बन्धित

# सेवा शुल्क दस्तुर

| क्र.सं. | विवरण (विषय) | दर रु. |
|---|---|---|
| १ | नागरिकता प्रतिलिपी सम्बन्धि सिफारिस | १००।०० |
| २ | नागरिकता सम्बन्धि सिफारिस | १००।०० |
| ३ | सनाखतको सिफरिस | १००।०० |
| ४ | नाता प्रमाणित दस्तुर (मृतकसँग सम्बन्धित भएमा) (अंग्रेजी वा नेपालीमा) | १००।०० |
| ५ | अन्य नाता प्रमाणित दस्तुर (नेपालीमा) | १००।०० |
| ६ | अन्य नाता प्रमाणित दस्तुर (अंग्रेजीमा) | १००।०० |
| ७ | जन्म, मृत्यु, विवाह सम्बन्धि सिफारिस (३५ दिनभित्र नि:शुल्क) र सो भन्दा माथि | ५०।०० |
| ८ | बसोबास सम्बन्धि सिफारिस | १००।०० |
| ९ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | १००।०० |
| १० | घरजग्गा नामसारी सम्बन्धि सिफारिस | ५००।०० |
| ११ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल १० धुरसम्म) | ५००।०० |
| १२ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कट्ठासम्म) | ५००।०० |

| | | |
|---|---|---|
| १३ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कठ्ठा भन्दा बढीमा १ बिघासम्म भएमा) | ५००।०० |
| १४ | मालपोत कार्यालयलाई घर,बाटो सिफारिस (१ बिघाभन्दा बढी खेतीयोग्य जग्गा र १० धुरभन्दा बढीको घडेरी भएमा) | ५००।०० |
| १५ | मोहीको लगत कट्टा सिफारिस | २,०००।०० |
| १६ | पतिपत्नी सम्बन्ध विच्छेदको सिफारिस | १,०००।०० |
| १७ | पेन्शनकार्ड वा सो सम्बन्धि अन्य सिफारिस | १००।०० |
| १८ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | ३००।०० |
| १९ | संघ संस्था दर्ता सिफारिस | ५००।०० |
| २० | संघ संस्था नवीकरण सिफारिस | ३००।०० |
| २१ | बहाल कर तिरेको प्रमाण पत्र | १००।०० |
| २२ | घर जग्गा कर तिरेको प्रमाण पत्र | १००।०० |
| २३ | जन्म मिति, नाम थर प्रमाणित | १००।०० |
| २४ | व्यवसाय बन्द, सञ्चालन नभएको वा व्यवसाय नभएको सिफारिस | ५००।०० |
| २५ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित (नेपालीमा) | १००।०० |
| २६ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित (अंग्रेजीमा) | १००।०० |
| २७ | व्यक्तिगत विवरण प्रमाणित | १००।०० |
| २८ | पुर्जामा घर कायम (पक्की घर) | २००।०० |
| २९ | पुर्जामा घर कायम (कच्ची घर) | १००।०० |
| ३० | व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र निःशुल्क ) ३५ दिन पछि | ५०।०० |
| ३१ | जग्गा धनी पूर्जा हराएको | १००।०० |
| ३२ | कागज र मञ्जुरीनामा प्रमाणित | १००।०० |
| ३३ | कित्ताकाट गर्न सिफारिस (अंशबण्डा र व्यक्तिगत प्रयोजनलाई) | १००।०० |
| ३४ | कित्ताकट गर्न सिफारिस (प्लटिङ्ग) | १०,०००।०० |
| ३५ | हकवाला र हकदार सिफारिस | १००।०० |
| ३६ | ऋण प्रयोजनको लागि बैंकमा सिफारिस | ३००।०० |
| ३७ | जग्गाको हक सम्बन्धि सिफारिस | १००।०० |
| ३८ | उद्योग ठाउँसारी (बाह्य क्षेत्रबाट नगरपालिका क्षेत्रमा सार्न) | १००।०० |
| ३९ | उद्योग ठाउँसारी (नगरपालिका क्षेत्रभित्रै सार्न) | १,०००।०० |
| ४० | उद्योग ठाउँसारी (नगरपालिका क्षेत्रभित्रै सार्न) | ३००।०० |
| ४१ | उद्योगको सर्जमिन गर्न | ५००।०० |
| ४२ | सामान्य सर्जमिन | १००।०० |

| | | |
|---|---|---|
| ४३ | जिवित रहेको सिफारिस | १००।०० |
| ४४ | निजी विद्यालय खोल्न सिफारिस (आधारभूत तहको) | ५,०००।०० |
| ४५ | निजी विद्यालय खोल्न सिफारिस (माध्यमिक तहको) | ८,०००।०० |
| ४६ | निजी विद्यालयको थप कक्षा सिफारिस (आधारभूत तहको) | १,५००।०० |
| ४७ | निजी विद्यालयको थप कक्षा सिफारिस (माध्यमिक तहको) | २,०००।०० |
| ४८ | घरजग्गा मूल्याङ्कन सिफारिस (प्रति हजारको) | ०.४० |
| ४९ | पालन पोषणको सिफारिस | नि:शुल्क |
| ५० | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | नि:शुल्क |
| ५१ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २००।०० |
| ५२ | आम्दानी प्रमाणित (परिवारको बार्षिक आय पाँच लाख भन्दा कम भएमा) | १००।०० |
| ५३ | आम्दानी प्रमाणित (परिवारको बार्षिक आय पाँच लाख भन्दा बढी भएमा) | १,०००।०० |
| ५४ | निजी विद्यालयको ठाउँसारी (बाह्य क्षेत्रबाट नगरपालिकामा सार्न) | १५०।०० |
| ५५ | निजी विद्यालयको ठाउँसारी (नगरपालिका क्षेत्रबाट बाह्य क्षेत्रमा सार्न) | १,०००।०० |
| ५६ | निजी विद्यालयको ठाउँसारी (नगरपालिका क्षेत्रभित्रै ठाउँसारी गर्न) | ३००।०० |
| ५७ | धारा जडान वा विद्युत जडानको सिफारिस (प्रति सिफारिस) | १००।०० |
| ५८ | थ्री फेज लाईन विद्युत जडानको सिफारिस | २,०००।०० |
| ५९ | सँगोल प्रमाणित | १००।०० |
| ६० | बन पैदावार सम्बन्धित सिफारिस | १००।०० |
| ६१ | तमसुकको रोहवरमा बसेवापत (प्रतिहजार) | ०.३० |
| ६२ | लेनदेन कागज प्रमाणित (प्रतिहजार) | ०.३० |
| ६३ | ना.प्र.नं. र फोटो टाँस सिफारिस | १००।०० |
| ६४ | उद्योग दर्ता सिफारिस | ५००।०० |
| ६५ | साधारण सिफारिस दस्तुर | ५०।०० |
| ६६ | चरित्र सिफारिस दस्तुर | ५०।०० |
| ६७ | वैदेशिक सिफारिस दस्तुर (भारतको लागि) | १००।०० |
| ६८ | वैदेशिक सिफारिस दस्तुर (भारत बाहेक अन्य मुलुकको लागि) | १००।०० |
| ६९ | मोठ कायम सिफारिस (कच्ची घर) | १००।०० |
| ७० | मोठ कायम सिफारिस (पक्की घर) | २००।०० |
| ७१ | दा.खा.नामसारी/श्रेष्ता कार्यान्वयन/तीन पुस्ते सिफारिस | २००।०० |

| | | |
|---|---|---|
| ७२ | मिलापत्र गराउँदा सेवा शुल्क (गल्ती भएको पक्षसँग उठाउने वा दुबै पक्षसँग आधा आधा उठाउने) | १००।०० |
| ७३ | प्रतिलिपी दस्तुर | १५०।०० |
| ७४ | ओ.जि.टी.सेवा शुल्क प्रति विद्यार्थी | नि:शुल्क |
| ७५ | रकम असुल उपर गर्नुपर्ने भए रकमको (साहुसँग उठाउने) | १प्रतिशत |
| ७६ | ईलेक्ट्रीक अटो रिक्सा सिफारिस | १००।०० |
| ७७ | जग्गा प्लानिङ्ग तथा प्लटिङ्ग सिफारिस (प्रति कठ्ठा) | ३,५००।०० |
| ७८ | चार किल्ला चौहदी प्रमाणित (प्रति कित्ताको) | ५००।०० |
| ७९ | सडक पिच कटान दस्तुर (चौडाई १ फिट कम भएमा प्रति रनिङ्ग फिट र बढी भएमा प्रति वर्ग फिट) | ५००।०० |
| ८० | व्यवसायिक बजार सञ्चालन दर्ता दस्तुर | १,५००।०० |
| ८१ | छुट जग्गा दर्ताको सिफारिस (प्रति कठ्ठा) | ३००।०० |
| ८२ | वि.टि.एस. टावरको सिफारिस | ५,०००।०० |
| ८३ | पेन्सन सिफारिस (नेपाली) | १००।०० |
| ८४ | पेन्सन सिफारिस (भारत) | १५०।०० |
| ८५ | पेन्सन सिफारिस (अन्य मुलुक) | १,०००।०० |
| ८६ | आन्तरिक बसाई सराई सिफारिस | ३००।०० |
| ८७ | जग्गा नापी दस्तुर (१ कित्ता) | १,०००।०० |
| ८८ | जग्गा नापी दस्तुर (१ कित्ता भन्दा बढी भएमा प्रति कित्ता) | ५००।०० |
| ८९ | व्यहाकु लोडर(जे.सि.बि.) सानो भाडा (प्रति घण्टा तेल बाहेक) | १,०००।०० |
| ९० | ट्रिपरको भाडा (प्रति दिन तेल बाहेक) | ३,५००।०० |
| ९१ | घ वर्ग इजाजत पत्र दस्तुर | ५,०००।०० |
| ९२ | घ वर्ग इजाजत पत्र नवीकरण दस्तुर | ४,०००।०० |
| ९३ | सेफ्टी ट्याङ्क प्रति दिनको भाडा (तेल बाहेक) | ३,५००।०० |
| ९४ | ट्याक्टर टेलर सहित (तेल बाहेक) प्रति दिनको | २,०००।०० |
| ९५ | एक्साभेटर (जे.सि.बि.) ठूलो (प्रति घण्टा तेल बाहेक) | २,५००।०० |
| ९६ | पानी टंकी ट्याक्टर सहित (तेल बाहेक प्रति दिनको) | ३,०००।०० |

## निवेदन दर्ता दस्तुर

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | निवेदन दर्ता दस्तुर | २५।०० |
| २ | मुद्दा सम्बन्धि निवेदन दर्ता दस्तुर | ५००।०० |
| ३ | कोटेशन, टेण्डर दर्ता दस्तुर | प्र.ऐन अनुसार |
| ४ | भवन निर्माण दरखास्त फाराम प्रति बुक मुल्य | १,०००।०० |
| ५ | साध सिमाना सम्बन्धि उजुरी एवं निवेदन दस्तुर | ५००।०० |

## अनुसूचि-९

दफा ८ सँग सम्बन्धित

# सवारी साधन कर

वार्षिक सवारी साधन कर :-

| क्र.सं. | विवरण | बार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | हेभी सवारी साधन दर्ता | ५,०००/- | |
| २ | हलुका सवारी साधन दर्ता | १,०००/- | |
| ३ | हेभी तथा हलुका सवारी साधन नामसारी शुल्क | ५००/- | |
| ४ | भाडाको तथा निजी कार, जिप | ५००/- | |
| ५ | भाडाको तथा निजी टेम्पो, ईलेक्ट्रीक रिक्सा | ३००/- | |
| ६ | ट्याक्टर | १,०००/- | |
| ७ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | १००/- | |
| ८ | ठेला रिक्सा, रिक्सा | ५०/- | |

**नोटः** (क) सिम्रौनगढ नगरपालिकाक्षेत्रभित्र ठेगाना भएका सवारी साधनहरुले अनिवार्य रुपमा नगरपालिकामा दर्ता भई बार्षिक सवारी साधन कर बुझाउनु पर्नेछ।

(ख) नगरपालिकाले तोकेको बार्षिक कर तिरेका सवारी साधनले पटके शुल्क तिर्नुपर्ने छैन।

(ग) माथि बुँदा नं. (क) मा उल्लेखित सवारी साधनहरु नगरपालिकामा दर्ता भई कर नतिरे सो सवारी साधनसँग सम्बन्धित कुनै पनि सिफारिस गरिने छैन।

## अनुसूचि-१०

दफा ९ सँग सम्बन्धित

# विज्ञापन कर

विज्ञापनकरको दर :-

| क्र.सं. | नगर क्षेत्रभित्र लगाईने विज्ञापनकरको विवरण | करको दर (रु.) |
|---|---|---|
| १ | विज्ञापन बोर्ड १० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | १५/- |
| २ | विज्ञापन बोर्ड २० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | २०/- |
| ३ | विज्ञापन बोर्ड ३० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | २५/- |
| ४ | विज्ञापन बोर्ड ३१ स्क्वायर फिट देखि माथिका लागि प्रति स्क्वायर फिट | ३५/- |
| ५ | भित्ते लेखन प्रति स्क्वायर फिट | १५/- |
| ६ | विद्युतीय वा टेलिफोनका पोलमा राखेका प्रति बोर्डमा | २००/- |
| ७ | फ्ल्याक्स ब्यानरमा १० स्क्वायर फिट सम्मलाई प्रति स्क्वायर फिट | ५०/- |
| ८ | फ्ल्याक्स ब्यानरमा १० स्क्वायर फिटभन्दा माथि प्रति स्क्वायर फिट | ८०/- |
| ९ | अस्थाई रुपमा पोलमा लगाईएका ब्यानर प्रति दिन | १०/- |
| १० | सडक वारपार गरी लगाईएका ब्यानर प्रति दिन<br>(उक्त ब्यानरहरुको बढीमा १५ दिनको लागि मात्र लगाउन पाइने छ। त्यसपछि सम्बन्धित व्यक्ति वा संस्थाले आफै लैजानु पर्नेछ।) | २५/- |

**नोट :**

१. १०० स्क्वायर फिट भन्दा ठुला साईजको विज्ञापन बोर्ड राख्न पाईने छैन।

२. नेपाल सरकार वा जनचेतना मुलक होर्डिङ्गबोर्ड र माईकिङ्गमा विज्ञापन कर लाग्ने छैन।

३. नगरपालिकामा दर्ता भएका व्यवसायहरुका लागि अधिकतम ३×२.५ फिटको होर्डिङ्गबोर्ड आफ्नो व्यवसाय स्थलमा निःशुल्क राख्न दिईनेछ।

## अनुसूचि-११

# घर नक्सा सम्बन्धि शुल्क तथा दस्तुर

| क्र.सं. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | घर नक्सा पास फाराम | ५००।०० |
| २ | घर नक्साको प्रतिलिपी | ५००।०० |
| ३ | घर नक्साको सम्पन्न प्रमाण पत्र | १,०००।०० |

**घर नक्सा पास सम्वन्धि दस्तुरको दर**

| क्र.सं. | विवरण | आवासीय भवन | | व्यापारिक भवन/संस्थागत भवन | |
|---|---|---|---|---|---|
| | | आर.सी.सी. फ्रेम स्ट्रक्चर | लोड बेयरिंग वाल स्ट्रक्चर | आर.सी.सी. फ्रेम स्ट्रक्चर | लोड बेयरिंग वाल स्ट्रक्चर |
| १ | भुई तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ४ | ३ |
| २ | पहिलो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |
| ३ | दोश्रो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |
| ४ | तेश्रो तल्ला (प्रति वर्ग फिट) | २ | ३ | ३ | ३ |
| ५ | सो भन्दा माथिको | ३ | ३ | ३ | ३ |

**नोट :** पक्की घरलाई ६ महिनाभित्र नगरपालिकामा अभिलेखिकरण(दर्ता) गराएमा एक मुष्ठ रकम रु.२,०००/- र कच्ची घरलाई ६ महिनाभित्र नगरपालिकामा अभिलेखिकरण(दर्ता) गराएमा एक मुष्ठ रकम रु.१,०००/- साथै बाटो विस्तारको क्रममा सम्बन्धितको घर परि भत्केकोमा नयाँ बनाउँदा ५० प्रतिशत छुट दिईनेछ।

### अनुसूचि-१२

## पर्यटन शुल्क

| क्र.सं. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | आन्तरिक (स्वदेशी) पर्यटकलाई प्रति व्यक्ति | ५०।०० |
| २ | विदेशी पर्यटकलाई | १००।०० |

### अनुसूचि-१३

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क

१. रानिवास बजार क्षेत्र/सिम्रौनगढ बजार क्षेत्र/कचोर्वा पुरानो बजार क्षेत्र/कचोर्वा नयाँ बजार क्षेत्रका स्थानहरुबाट निस्किएका घरहरुबाट फोहोरमैला व्यवस्थापनको लागि मासिक रुपले प्रति घरबाट रकम रु.५०/-को दरले फोहोरमैला व्यवस्थापन कार्ड वितरण गर्ने र अन्य ग्रामीण क्षेत्रका टोल बस्तीहरुको स्थानहरुबाट निस्किएका घरहरुबाट फाहोरमैला व्यवस्थापनको लागि मासिक रुपले प्रति घरबाट रकम रु.३०/-को दरले फोहोरमैला व्यवस्थापन कार्ड वितरण गरिने छ।

### अनुसूचि-१४

## वातावरण संरक्षण शुल्क

१. नगरपालिकाले आफ्नो क्षेत्रफित्र रहेका क्रसर वा बालुवा उद्योग, ईट्टा उद्योगहरुलाई अनुसूचि-१४ बमोजिम वातावरण संरक्षण वा प्रदुषण नियन्त्रण शुल्क लिइने छ। जुन व्यवसाय दर्ता वा प्रतिघन मिटर वा प्रति ईट्टामा दर अनुसूचि-१४ बमोजिम लगाइने छ।

(क) क्रसरबाट बार्षिक एक मुष्ट शुल्क रु.१५,०००/- (पन्ध्र हजार)

(ख) चिमनी ईट्टा भट्टाबाट बार्षिक एक मुष्ट शुल्क रु.१५,०००/- (पन्ध्र हजार)

(ग) सिमेन्ट उद्योगबाट बार्षिक एक मुष्ट शुल्क रु.५०,०००/- (पचास हजार)



CamScanner

## आ.व. २०७६।०७७ मा आन्तरिक श्रोत तर्फको अनुमानित आय विवरण

| क्र.सं. | आय विवरण | प्रस्तावित आय रु. | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर र मालपोत | ५,००,०००।०० | |
| २ | मालपोत भूमी कर | १५,००,०००।०० | |
| ३ | बहाल बिटौरी कर | १,००,०००।०० | |
| ४ | व्यवसाय कर | ५,००,०००।०० | |
| ५ | जडिबुटी तथा कवाडी कर | १,००,०००।०० | |
| ६ | सवारी दर्ता, बार्षिक तथा पटके सवारी कर | ५०,०००।०० | |
| ७ | मनोरञ्जन कर | ३०,०००।०० | |
| ८ | विज्ञापन कर | ५०,०००।०० | |
| ९ | अन्य सेवा शुल्क | ३०,००,०००।०० | |
| १० | पोखरी ठेक्का | १,२५,००,०००।०० | |
| ११ | अन्य दस्तुर | २५,०००।०० | |
| १२ | दण्ड जरिवाना | १०,०००।०० | |
| १३ | बहाल कर | १,५०,०००।०० | |
| १४ | पार्किङ्ग शुल्क | ५०,०००।०० | |
| १५ | नक्सा पास दस्तुर | २,१४,३५,०००।०० | |
| **आ.व.२०७६/०७७ को जम्मा अनुमानित आय** | | ४,००,००,०००।०० | |

प्रमाणीकरण मिति : २०७६/०३/१५

आज्ञाले,

.....................................

प्रमुख प्रशासकीय अधिकृत